डोल्पो बुद्ध गाउँपालिका
ཌོ་དོལ་པོ་སངས་རྒྱས་གླིང་གྲོང་ཚོགས།
Dolpo Buddha Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
धो, डोल्पा
कर्णाली प्रदेश, नेपाल

प.सं. २०८२।८३
च.नं

रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी 'सूचना।

(प्रथम पटक प्रकाशित मिति: २०८३/०१/१४ गते)

उपर्युक्त सम्बन्धमा डोल्पा जिल्ला,डोल्पोबुद्ध गाउँपालिका,अन्तर्गत रहेको श्री क्रिष्टल माउन्टेन माध्यमिक विद्यालय डोल्पो बुद्ध -३, धोमा रिक्त रहेको प्राथमिक विद्यालय तह तृतीय श्रेणीको शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडि बढाइदिन भनी विद्यालयको च.न.२३, मिति २०३/०१/१० गतेको पत्रबाट अनुरोध भइ आएकोले सम्बन्धित तह र श्रेणीको योग्यता पुगेका स्थायी शिक्षकहरुले प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र)दिन भित्र शिक्षा नियमावली, २०५९ को अनुसुची - १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाईको सहमतिसहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारवाही हुने छैन।

मन बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत